लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, चौथो, सहायक (नगद) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१२।३०

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" — ६० अङ्क

१. कार्यालयमा उत्पन्न हुने द्वन्द्वका कारणहरू उल्लेख गर्दै ती द्वन्द्वलाई व्यवस्थापन गर्ने विधिहरू चर्चा गर्नुहोस् । ४+६=१०

२. नेतृत्वका सिद्धान्तहरू संक्षिप्तमा वर्णन गर्दै एक असल नेतृत्वमा हुनुपर्ने गुणहरूको चर्चा गर्नुहोस् । ६+४=१०

३. अभिलेख व्यवस्थापन भनेको के हो? जानकारी गराउनुहोस् । अभिलेख व्यवस्थापनमा देखिएका समस्या उल्लेख गर्दै प्रभावकारी अभिलेख व्यवस्थापनका उपायहरू सुझाउनुहोस् । ३+४+३=१०

४. कार्यालय संरचना (Office Layout) को परिचय दिँदै संगठनको उद्देश्य हासिल गर्न संगठन संरचनाको महत्व लेख्नुहोस् । ५+५=१०

५. कार्यसम्पादन मूल्यांकन भनेको के हो? राष्ट्रिय वाणिज्य बैंकमा अभ्यासमा रहेको कार्यसम्पादन मूल्यांकन अवस्था संक्षेपमा चर्चा गर्नुहोस् । ४+६=१०

६. मानव संसाधन व्यवस्थापनको परिचय दिँदै यसका कार्यहरू लेख्नुहोस् । साथै, संगठनको उद्देश्य हासिल गर्न मानव संसाधन व्यवस्थापनको महत्व दर्शाउनुहोस् । ३+३+४=१०

## खण्ड "ख" — २० अङ्क

७. कुनै गाउँको जनसंख्या १२,००० थियो । यदि दुई वर्षपछि उक्त जनसंख्यामा पुरूषको संख्या ५ प्रतिशत ले बढ्दा र महिलाको संख्या ३ प्रतिशतले घट्दा कुल जनसंख्यामा कुनै परिवर्तन भएन भने शुरूमा पुरूषको संख्या कति थियो? पत्ता लगाउनुहोस् । 4500 १०

८. एक जना मानिसले एउटा वस्तु १५ प्रतिशत नाफा लिएर बेच्यो । यदि उसले रू. ८१ कममा बेचेको भए उसलाई १२ प्रतिशत नोक्सान हुने थियो भने सो वस्तुको क्रयमूल्य कति होला? 300 १०

## खण्ड "ग" — २० अङ्क

९. सुनचाँदी कर्जाको विशेषता के के हुन्? उल्लेख गर्दै नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनमा सुनचाँदी कर्जा सम्बन्धी के-कस्ता व्यवस्थाहरू गरिएका छन्? लेख्नुहोस् । ४+६=१०

१०. विप्रेषण कारोबार अन्तर्गत कस्ता कारोबारहरू पर्दछन्? जानकारी गराउँदै विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन चाल्नुपर्ने कदमहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

:: समाप्त ::

MIRAS ACADEMY